| २०७७ बैशाख १ देखि भदौ १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४५ | ५१ | १९१ | ३१ | ४४ | ११ | ५५ | ० | १९२ | **३३१** | **९५** | **३९४** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४३ | ५१ | १९० | २८ | ४३ | ९ | २५ | ० | ७३ | **२९६** | **९४** | **२७२** |
| **२०७७भदौ १९ देखि २० गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | सर्पदंश | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** |

# दैनिक विपद् बुलेटिन

१९ भदौ विहान१०:००बजेदेखि २० भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **२** स्थानमा **आगलागी, १** स्थानमा **पहिरो**का घटना घटेका छन् । **आगलागी**का कारण **६ लाख ५० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ३ | ० | ६,५०,००० | ० | २ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३** वटा घट्ना भएका छन् ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं १८ सराङकोट सिलिङगामा अबिरल बर्षातको कारण **पहिरो** आउँदा सडकमुनि रहेको एक घरमा पर्न जाँदा भान्सा कोठा भत्किएको ।
- **तनहुँ**को आबुखैरेनी गाउँपालिका वडा नं ३ मिलन चोक नजिकै पृथ्वी राजमार्गमा बाग्लुङबाट होटलको सामान लिएर चितवनको लागि हिडेको मिनि ट्रकमा एक्कासी **आगलागी** हुँदा ट्रक र होटलको सामान सहित जली **२ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **स्याङ्जा**को वालिङ नगरपालिका वडा नं १३ भोलेस्थित एक गोठमा अचानक **आगलागी** हुँदा गोठ पूर्णरुपमा जली १ वटा भैसी र १ वटा पाडी जली मरेको, **४ लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट बाग्लुङ्गको बाढी, पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**२० (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज पश्चिम राप्ती, बबई र यसका स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज ताप्लेजुङ, तेह्रथुम, संखुवासभा, सोलुखुम्बु, ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, बारा, पर्सा, रौतहट, गोरखा, तनहुँ, कास्की, पर्वत, बागलुङ, पाल्पा, गुल्मी, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, कालिकोट, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, डडेल्धुरा र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**


**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ १९ गते बिहान ०८:४५ बजे देखि भदौ २० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२० गते बिहान ०८:४५ बजे १८३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४१ र स्वचालितः १४२) मा मापन गरिएको वर्षाको विवरण अनुसार ७३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१५४.२मि. मी.) कास्की जिल्लाको पोखरा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढी, २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, ११ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र २२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**